नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भक्तपुर

पत्र संख्याः- ०७७/७८

चलानी नं.:-७९४

मितिः २०७७।०५।१०

श्री गृह मन्त्रालय,

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरवार।

National Emergency Operation Center (NEOC), सिंहदरवार ।

श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, छाउनी ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौडा ।

विषयः-दैनिक जाहेरी ।

भक्तपुर जिल्लामा कोरोनाको रोकथाम, नियन्त्रण र पूर्वतयारीको सम्बन्धमा देहाय अनुसार भएका कार्य तथा अवस्थाको विवरण पठाइएको व्यहोरा अनुरोध छ ।

१. जिल्लास्तरीय संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC), Bhaktapur ले हालको अवस्था र स्थितिको सम्बन्धमा आवश्यक समन्वय, निर्देशन गरिरहेको ।

२. आज भक्तपुर जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय सांसदज्यूहरू तथा नगर प्रमुखज्यूहरूसहितको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३४ औं बैठक बसि बिभिन्न निर्णयहरू भएको ।(निर्णय प्रति संलग्न छ)

३. नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।०५।०१ को निर्णय बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७।०५।१० गते राति १२:०० बजेदेखि २०७७।०५।१७ गते राति १२:०० बजेसम्म लागू हुने गरी भक्तपुर जिल्ला भर निषेध आदेश जारी गरिएको ।(जारी आदेश पाना २ संलग्न छ)

४. कोभिड-१९ स्वास्थ्य सुरक्षा मापदण्ड पालनालाई प्रभावकारी बनाउने सम्दर्भमा अटेर गरी मास्क नलगाई हिड्ने व्यक्तिहरूलाई जरिवाना गराई कारवाही गर्ने कार्य जारी रहेको । मिति २०७७।०५।०९ गते ११ जना मास्क नलगाई हिड्ने व्यक्तिहरूलाई जरिवाना गरी सम्झाई बुझाई छाडिएको ।

५. मिति २०७७।०५।०९ गते भक्तपुर जिल्लामा १३ जना नयाँ कोभिड-१९ संक्रमित फेला परेको ।हालसम्म १३२ जना संक्रमितहरू रहेकोमा (निको भई घर फिर्ता भएका-६९ जना, उपचाररत-२४१ र मृत्युः२ जना) रहेको ।

६. भक्तपुर जिल्लाका बिभिन्न क्वारेन्टीन स्थलहरूमा बस्ने व्यक्तिहरूको संख्या ४ रहेको । भक्तपुर जिल्लामा रहेको बिभिन्न आईसोलेसनमा कोभिड-१९ पोजेटिभ ६७ जना व्यक्तिहरूको उपचार भईरहेको ।कोभिड-१९ संक्रमणबाट २ जनाको दुखद निधन भएको ।कोभिड-१९ संक्रमित व्यक्तिहरू भेटिएका भक्तपुरको विभिन्न स्थानलाई सिल गरी कन्टयाक्ट ट्रेसिङको कार्य भइरहेको ।

७. कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रणका लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको । भक्तपुर अस्पताल (कोभिड-१९ हब अस्पताल) बाट आज PCR परीक्षणका लागि १४ जनाको स्वाव संकलन भएको । RDT परीक्षण नभएको । आजसम्म २६३० जनाको परीक्षण गरिएको (PCR१७३९, RDT ८९१), १०२ जनाको रिपोर्ट आउन बाँकी बाहेक हालसम्म ४६ जना (१५ जना महिला र ३१ जना पुरुष) को PCR रिपोर्ट पोजेटिभ आएको, १ जना महिलाको RDT रिपोर्ट पोजेटिभ आएको अन्य सबैको रिपोर्ट नेगेटिभ आएको । साथै मिति२०७७ भाद्र १ देखि ७ गतेसम्म नेपाल कोरिया मैत्रि नगरपालिका अस्पताल, भक्तपुरबाट ४१२ जना व्यक्तिहरूको PCR परीक्षण गरिएको ।

८. महानगरीय प्रहरी परिसर, भक्तपुरबाट प्राप्त दैनिक जाहेरी अनुसार जिल्लाको गतिविधि सामान्य रहेको । जिल्लास्तरीय अनुगमन टोली बनाई अनुगमन कार्यलाई तिब्रता दिइएको ।

९. गृह मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त निर्देशनलाई कडाइका साथ कार्यान्वियन गरिएको । जिल्लाको शान्ति सुरक्षा स्थिति सामान्य रहेको छ ।

(यज्ञराज जोशी) ५/१०

प्रशासकीय अधिकृत

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३४ औं बैठक मिति २०७७।०५।१० गते भक्तपुर जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय सांसदज्यूहरू तथा नगर प्रमुखज्यूहरूसहित प्र.जि.अ. श्री हुमकला पाण्डेको संयोजकत्वमा तपसिलका महानुभावहरुको उपस्थितिमा बसि देहाय अनुसार छलफल र निर्णय गरियो ।

**विशेष आमन्त्रित**

१. माननीय श्री महेश बस्नेत, संघीय सांसद
२. माननीय श्री प्रेम शुवाल, संघीय सांसद
३. माननीय श्री शशीजंग थापा, प्रदेश सांसद
४. माननीय श्री राजेन्द्रमान श्रेष्ठ, प्रदेश सांसद
५. माननीय श्री सुरेन्द्रराज गोसाई, प्रदेश सांसद
६. माननीय श्री कृष्णलाल भडेल, प्रदेश सांसद

**आमन्त्रित**

१. नगर प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
२. नगर प्रमुख श्री बासुदेव थापा, सूर्यविनायक नगरपालिका
३. नगर प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका
४. नगर प्रमुख श्री सोमप्रसाद मिश्र, चाँगुनारायण नगरपालिका
५. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ, भक्तपुर नगरपालिकाको कार्यालय, भक्तपुर
६. प्रमुख प्रशासकीय अधिकृत श्री चिरन्जिवी तिमिल्सिना, चाँगुनारायण नगरपालिकाको कार्यालय, भक्तपुर
७. प्रमुख प्रशासकीय अधिकृत श्री उद्धब रिजाल, मध्यपुरथिमी नगरपालिकाको कार्यालय, भक्तपुर
८. प्रमुख प्रशासकीय अधिकृत श्री कमल ज्ञवली, सूर्यविनायक नगरपालिकाको कार्यालय, भक्तपुर

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू**

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर
१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. स.प्र.ना.उ पंकज पौडेल, सशस्त्र प्रहरी बल, नेपाल
१०. समाजसेवी [illegible] भक्तपुर मनोज कुमार थापा
११. अधिकृत प्रेम पौडेल सूर्यविनायक न.पा.

छलफलका विषयहरु

१. क्वारेन्टीन र आइसोलेशन पहिचान सम्बन्धमा।

२. क्वारेन्टीन व्यवस्थापन सम्बन्धमा

३. विविध।

निर्णय

१. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले उपत्यका एकीकृत क्वारेन्टीन व्यवस्थापन समितिको २०७७।०७।०५ गतेको निर्णयानुसार मिति २०७७।०५।०९ गते जिल्लामा रहेका संभावित स्थानहरूको निरीक्षण गरी क्वारेन्टीनको रुपमा प्रयोग गर्न पहिचान गरिएका सानो ठिमी स्थित युसेफ नेपाल, प्राविधिक शिक्षालयको तालिम केन्द्र, कृषि विकास बैंकको तालिम केन्द्रका भवनहरूलाई क्वारेन्टीनको मापदण्ड अनुसार व्यवस्था गर्न गृह मन्त्रालय मार्फत सम्बन्धित निकायमा सिफारिस गर्ने।

२. पहिचान भएको क्वारेन्टीन स्थलहरूको समन्वय गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय अधिकारी, चारै वटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू र जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू सदस्य रहने गरी समन्वय समिति गठन गरी सोही समितिको सिफारिस बमोजिम क्वारेन्टीन स्थल तयारी र संचालन गर्ने।

३. एकीकृत क्वारेन्टीनका लागि पहिचान भएका स्थानमा तत्कालै २०० बेड तयारी अबस्थामा राख्न जिल्ला स्थित नेपाल रेडक्रसबाट प्राप्त हुन सक्ने सामान तथा अन्य इच्छुक संस्थाबाट प्राप्त हुन सक्ने सामग्री व्यवस्थित रुपमा अभिलेख राखि स्थानीय तहले क्वारेन्टीन व्यवस्थापनमा उपयोग गर्ने। अन्य आवश्यक सामग्रीको व्यवस्थापन स्थानीय तहले गरी सोको लगत राख्ने साथै खर्चको विवरण सम्बन्धित स्थानीय तहले प्रमाणित गरी राख्ने। स्थानीय तहले प्रमाणित गरेको खर्चको निकासाका लागि मिति २०७७।०५।०४ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) ले सिफारिस गरिदिने।

४. जनस्वास्थ्य कार्यालयले स्वास्थ्यकर्मी, औषधि र आवश्यक उपकरणसहितको जनशक्ति तत्काल परिचाल गर्ने।

५. क्वारेन्टीन स्थलमा खाना र पानीको लागि स्थानीय सहयोगी र स्वयं सेवक परिचालन गर्न जिल्ला खेलकुद विकास समितिले अगुवाई गर्ने।

६. क्वारेन्टीन क्षेत्रको सुरक्षा व्यवस्थाको लागि नेपाली सेनाको नेतृत्वमा संयुक्त सुरक्षा फौज परिचालन गर्ने।

७. थप पहिचान गरिएका स्थलहरूमा क्वारेन्टीन निर्माण गर्न आवश्यक बन्दोवस्तिका सामग्रीका लागि गृह मन्त्रालय मार्फत शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने।

८. स्थानीय तहहरूले आ-आफ्नो क्षेत्र भित्र संक्रमित व्यक्तिहरूको ट्रेसिङको कार्य गर्दा नगरपालिकाको स्वास्थ्य संयोजकले स्वास्थ्य कार्यालय प्रमुखसँग समन्वय गरी कार्य गर्ने।

९. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण सन्दर्भमा मन्त्रीपरिषद् बैठक मिति २०७७।०५।०१ को निर्णय कार्यान्वयन सम्बन्धमा र च.नं. ४७३ मिति २०७७।०५।०२ गतेको गृह मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा प्राप्त पत्र अनुसार जिल्ला भित्र निरन्तर बढिरहेको कोभिड-१९ को प्रभाव र सोको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जिल्लामा अत्यावश्यक काम कारवाही बाहेक अन्य गतिविधिहरूमा निषेध गराउन मिति २०७७।०५।०२ गते जारी निषेध आदेशलाई निरन्तरता दिन जिल्ला सुरक्षा समितिलाई सिफारिस गर्ने।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भक्तपुर

पत्र संख्या:- ०७७/७८

चलानी नं.:-

मितिः २०७७।०५।१०

## जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को संक्रमण काठमाडौं उपत्यका भित्र निरन्तर बढिरहेको छ । यस जिल्लामा सोको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०५/०१ को निर्णय बमोजिम निषेध गर्ने आदेश बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७७।०५।१० गते राति १२:०० बजे देखि २०७७।०५।१७ गते राति १२:०० बजे सम्म भक्तपुर जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरू गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ।

१. औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन ।

२. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्न ।

३. अत्यावश्यक सामग्री ढुवानिमा प्रयोग भएका सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन भक्तपुर जिल्लाभित्र प्रवेश गर्न ।

४. जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारीसाधन सञ्चालन गर्न ।

५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम् कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सवारी साधन सञ्चालन गर्न ।

६. सवारी साधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु वा सेवा अन्तरगत पर्ने औषधि, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, दूध, दुग्ध जन्य पदार्थ साथै दुग्ध जन्य पदार्थ प्याकेजिङका सामग्री, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाईन, आइशोलेसन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रयोग गरिने साबुन/स्यानिटाइजर लगायतका सामग्रीहरु, अस्पताल जाने आउने बिरामी, दाह संस्कारका लागि अनिवार्य रूपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा बाहेकका सवारी साधन सञ्चालन गर्न ।

७. कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरू भेला/जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न ।

८. परम्परागत रूपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरू सञ्चालन तथा जमघट गर्न ।

९. शैक्षिक संस्थाहरू, प्रशिक्षण केन्द्रहरू, टियूशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन गर्न ।

१०. सबै प्रकारका सभा,सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस,सपिङ्ग मल, डिपार्टमेन्टल स्टोर, मनोरञ्जनस्थल, शैलुन, ब्यूटिपार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न ।

[illegible]कला पाण्डे

[illegible] जिल्ला अधिकारी

११. फुटपाथ वा खुल्ला ठाउँ तथा ठेलागाडा वा साईकलमा सञ्चालन हुने विभिन्न व्यापार/व्यवसाय सञ्चालन एवं कवाडी संकलन गर्न ।

१२. होटेल, रेष्टुँरा सञ्चालन गर्न गराउन।

तर,

१३. अत्यावश्यक वस्तु र सेवा मध्ये औषधी ,पानीमात्र बेचबिखन गर्ने र स्वास्थ्य सामग्री बिक्री वितरण गर्ने पसल व्यवसाय जुनसुकै समयमा पनि निर्वाध रुपमा खुल्ला राख्न सकिने।

१४. अत्यावश्यक वस्तुमध्ये खाद्य वस्तु, दूध र दूग्धजन्य पदार्थ, फलफूल/तरकारी ,माछा मासु आदि बिक्री वितरण गर्ने पसलहरु बिहान ९:१५ बजेसम्म खोल्न सकिने ।

१५. बैंकिङ्ग सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रबाह गर्ने व्यवस्था मिलाउनुपर्नेछ। सो सम्भव नभएमा नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा सीमित रही आवश्यक सेवा प्रवाह गर्न सक्नेछ ।

१६. अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नु पर्नेछ ।

१७. हवाई उडानबाट विदेश जानेहरूको हकमा पासपोर्ट, भिषा, स्वीकृत हवाई टिकट हुनेहरू सिधै एयरपोर्ट जाने सवारी साधनको हकमा सहजीकरण गर्न सकिनेछ ।

साथै,

१८. अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरू उपर कानूनबमोजिम कारबाही हुनेछ ।

१९. यस आदेशको उलंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२०. माथि उल्लेखित अत्यावश्यक वस्तु तथा सेवाको व्यापार/व्यवसाय सञ्चालन गर्दा अनिवार्य रुपमा सामाजिक/भौतिक दूरी कायम राख्ने माक्स र स्यानिटाईजर प्रयोग गर्ने लगायतका नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गर्ने गराउने व्यवस्था मिलाउने ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, भक्तपुर सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

(हुमकला पाण्डे)
प्रमुख जिल्ला अधिकारी

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी